# थबाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

## बहुउद्देश्यीय हल भाडामा दिने सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

*सूचना नं. १८।२०८२।०८३ तेस्रो पटक प्रकाशित मिति – २०८२/०६/०२*

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(६) र ६४ एवम् थबाङ गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि यस कार्यालयले तोकेको दररेटको आधारमा वार्षिक न्यूनतम रकमबाट बढाबढ हुने गरी थबाङ गाउँपालिका क्षेत्रअन्तर्गत पर्ने देहायका शीर्षकमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सोको लागि सूचना प्रकाशित भएको मितिले ०७ दिन भित्र बोलपत्र लिन चाहने व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तहरुको अधीनमा रही आफ्नो नागरिकता/फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक वर्ष २०८०/०८१ को कर चुक्ताको प्रमाणित प्रतिलिपि पेश गरी रितपूर्वकको गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

| ठेक्का न | विवरण | न्यूनतम अङ्क (कर सहित) | बोलपत्र फाराम दस्तुर | कोठा नं | कैफियत |
|---|---|---|---|---|---|
| ०५/२०८२/०८३ | बहुउद्देश्यीय हल सञ्चालन तथा व्यवस्थापन | रु २,०००/- मासिक प्रति कोठा (कोठा अनुसार) | रु. १,०००/-(एक हजार रुपैयाँ मात्र) | १ र २ | व्यक्ति वा अन्य व्यवसायीले सिलबन्दी दरभाउपत्र खरिद गर्न सक्ने। |
| | | रु १,५००/- मासिक प्रति कोठा (कोठा अनुसार) | रु. १,०००/-(एक हजार रुपैयाँ मात्र) | ५ | व्यक्ति वा अन्य व्यवसायीले सिलबन्दी दरभाउपत्र खरिद गर्न सक्ने। |

**बोलपत्र सम्बन्धी शर्तहरु**

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ७ औँ दिनसम्म कार्यालय समयभित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको सामान्य प्रशासन शाखाबाट खरीद गर्न सकिनेछ र फाराम दस्तुर यस कार्यालयको ग्लोबल आइ एम इ बैङ्क नेपाल लिमिटेड थबाङ शाखामा रहेको ग १.१ आन्तरिक राजश्व खाता थबाङ २८५०४०१००००००९ (कोड नं १४२२९) मा जम्मा गरेको बैङ्क सक्कल भौचर पेश गर्नुपर्नेछ। नियमानुसार दर्ता हुन आएका बोलपत्रहरु आठौँ दिन दिनको १२ बजे भित्रमा बोलपत्र दर्ता र सोहि दिन अपरान्हको २.०० बजे यस कार्यालयमा बोलपत्रदाताहरुको रोहबरमा खोलिनेछ। बोलपत्रदाताहरु उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र खरीद गर्ने, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो पछाडि लगत्तै कार्यालय खुलेको दिन उल्लेखित कार्यहरु सञ्चालन हुनेछन्।

२. यस कार्यालयबाट प्रमाणित भएका बोलपत्र फारामहरु बोलपत्रदाता स्वयम् वा रितपूर्वक लिखत वारेस पठाई तोकिएको दस्तुर बुझाई खरीद गर्नुपर्नेछ।

३. बोलपत्र फाराम खरीद गर्दा निवेदन सहित नागरिकताको प्रतिलिपि, फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्वर/ मु अ करको प्रमाणपत्र तथा आर्थिक वर्ष २०८०/०८१ को कर चुक्ताको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।

४. यसपूर्व यस कार्यालयबाट कुनै पनि ठेक्का लिई रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको बोलपत्रलाई मान्यता दिइने छैन। तर बोलपत्र पेश गर्नुभन्दा अगावै फरफारक गरेमा बोलपत्र पेश गर्न कुनै बाधा पर्ने छैन।

६. स्वीकृत ठेक्का अङ्कलाई तीन किस्तामा विभाजन गरिएको छ। पहिलो किस्ता तीन महिना, दोस्रो किस्तामा ४ महिना र अन्तिम किस्ता २०८३ असार मसान्तसम्म मध्ये पहिलो किस्ता तीन महिनाको सम्झौताको बखत दाखिला गरी दोस्रो किस्ता सम्झौता भएको ३ महिनाभित्र र बाँकी रकमको किस्ता सम्झौता गरेको ६ महिनाभित्र भुक्तान गर्नुपर्नेछ।

७. माथि उल्लेखित शर्तहरु उल्लङ्घन गरेमा वा तोकिएको किस्ता म्यादभित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी कानुनी प्रकृया अपनाइने छ साथै अशुल गर्न बाँकी रकममा १०% थप क्षतिपूर्तिसमेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरिनेछ।

८. अन्य जानकारी Bid Document मा उल्लेख गरिएको छ।

*अन्य जानकारीका लागि सम्पर्क नं – ९८५७८२४७५०, ९८४९८८६६५७*
इमेल – thabangrm58@gmail.com, info@thabangmun.gov.np

नि. प्रमुख प्रशासकीय अधिकृत